# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी,कपिलवस्तु
## (५ नं. प्रदेश,नेपाल)

वेवसाईट :www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

प.स. ०७६/०७७ मिति २०७६/१२/०६

च.न. १६१४

**बिषय**: पठनपाठन बन्द गर्ने सम्बन्धमा ।

**श्री शैक्षिक संस्थाहरु सबै**
**मायादेवी गाँउपालिका, कपिलबस्तु ।**

प्रस्तुत बिषयमा शिक्षाबिज्ञान तथा प्रबिधि मन्त्रालयको मिति २०७६/१२/०५ गतेको सूचना तथा COVID - 19 (कोरोना भाईरस) संक्रमण, रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिको मिति २०७६/१२/०५ गतेको बैठकको निर्णय अनुसार सरकारी, सामुदायिक, धार्मिक तथा निजी क्षेत्र बाट सञ्चालित सबै प्रकारका बाल विकास केन्द्रहरु, आधारभूत तथा माध्यमिक तहका विद्यालयहरु, शैक्षिक प्रतिष्ठानहरु र विश्व विद्यालयहरुको पठनपाठन २०७६ चैत्र मसान्त सम्म बन्द गर्ने भनी आएको हुदाँ उक्त निर्णय कार्यान्वयन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

जनकराज पन्थी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री वडा कार्यालयहरु सबै, मायादेवी गाँउपालिका, कपिलबस्तु ।
श्री सूचना तथा प्रबिधि शाखा, (बेभसाइट मा अपलोड गर्नुहुन)

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं. {

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः-
चलानी नं.:-

मितिः २०७६।१२।०५

## अत्यन्त जरुरी सूचना

माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री ईश्वर पोखरेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मिति २०७६।१२।०५ गते बसेको बैठकले देहायका निर्णयहरु गरेको व्यहोरा सम्बन्धित सबैको जानकारी तथा कार्यान्वयनको लागि यो सूचना प्रकाशन गरिएको छ।

१) २०७६ चैत ६ गतेदेखि संचालन हुन गइरहेको Secondary Education Examination (SEE), हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा हुने गरी निर्धारण गरिएका सि.टि.ई.भि.टि. र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरु अर्को सूचना नभए सम्मका लागि स्थगित गर्ने।

२) सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित सबै प्रकारका बाल विकास केन्द्रहरु, आधारभूत तथा माध्यमिक विद्यालयहरु, शैक्षिक प्रतिष्ठानहरु र विश्वविद्यालयहरुको पठनपाठन २०७६ चैत मसान्त सम्म बन्द गर्ने।

३) सरकारी, सामुदायिक तथा निजी क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरू एवं निजी क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरुबाट सञ्चालित कार्यक्रमहरु २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने। साथै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट सञ्चालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलन जस्ता कार्यक्रमहरु २०७६ चैत मसान्त सम्मका लागि बन्द गर्ने।

दीपक शर्मा
सहसचिव एवं प्रवक्ता